# वैदेशिक रोजगारमा जाने कामदारका परिवारलाई स्वास्थ्य बीमामा आवद्ध गर्ने कार्यविधि, २०७८

**प्रस्तावनाः**

संविधानको धारा ५१को (ज) (१५) मा नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने उल्लेख भएको, स्वास्थ्य बीमा ऐनँ, २०७४ को दफा (३) को उपदफा ५ मा वैदेशिक रोजगारमा जाने कामदारका परिवारले स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुनु पर्ने प्रावधानलाई कार्यान्वयन गर्न आवश्यक भएकोले स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ४१ अनुसार यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "वैदेशिक रोजगारमा जाने कामदारका परिवारलाई स्वास्थ्य बीमामा आवद्ध गर्ने कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तत्काल प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-,

(क) "ऐन" भन्नाले स्वास्थ्य बीमा बोर्ड ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले स्वास्थ्य बीमा बोर्ड नियमावली, २०७५ सम्झनु पर्छ ।

(ग) "परिवार" भन्नाले ऐनको दफा २ को खण्ड (ङ) बमोजिमको परिवार सम्झनु पर्छ ।

(घ) "बिमित" भन्नाले स्वास्थ्य बीमा कार्यक्रममा समावेश भै योगदान (प्रिमियम) रकम भुक्तानी गर्ने परिवार सम्झनु पर्छ ।

(ङ) "व्यक्ति" भन्नाले वैदेशिक रोजगारमा जान अनुमति पाएको प्राकृतिक व्यक्ति सम्झनु पर्छ ।

(च) "वैदेशिक रोजगार" भन्नाले कामदारले विदेशमा पाउने रोजगार सम्झनु पर्छ ।

निर्देशक   अध्यक्ष   सदस्य

## परिच्छेद - २
## कार्यक्रममा आवद्धता

३. कार्यक्रममा आवद्ध हुनेः (१) वैदेशिक रोजगारमा जाने प्रत्येक व्यक्तिले वैदेशिक रोजगारमा जाने अनुमति लिंदा परिवारको स्वास्थ्य बीमाको अद्यावधिक परिचय पत्र पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुन सम्वन्धित व्यक्तिले नजिकको दर्ता सहयोगी वा अनलाईन (online) माध्यमबाट बीमित हुनु पर्नेछ ।

(३ ) वैदेशिक रोजगारमा जाने प्रयोजनका लागि स्वास्थ्य बीमा बोर्डले वैदेशिक रोजगार विभागसंग समन्वय गरी श्रम स्वीकृती दिने कार्यलयहरुमा स्वास्थ्य बीमा कार्यक्रममा आवद्धता हुने व्यवस्था मिलाउनु पर्नेछ ।

४. बीमाको नवीकरणः (१) वैदेशिक रोजगारमा गएका व्यक्तिको परिवारको बीमालेख नविकरण बीमालेखको म्याद समाप्त हुनु एक महिना अगावै गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नवीकरण गर्दा अनलाईन वा दर्ता सहयोगी मार्फत गराउनु पर्नेछ ।

## परिच्छेद - ३
## सेवा सुविधा र समन्वय

५. सेवा लिने प्रकृयाः यस कार्यविधि अन्तर्गत दर्ता भएका बीमितले नियमावलीले तोके बमोजिमको सेवा लिनु पर्नेछ ।

६. प्रदेश तथा स्थानीय तहसंगको समन्वयः वैदेशिक रोजगारमा जाने व्यक्तिका परिवारलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुने विषयमा प्रदेश तथा स्थानीय तहसंग समन्वय गर्ने कार्यमा स्वास्थ्य बीमा बोर्डले दर्ता सहयोगी, दर्ता अधिकारी र प्रदेश स्तरमा रहने स्वास्थ्य बीमा बोर्डको कार्यालयले प्रदेश वा स्थानीय तहसँग समन्वय गर्नेछ ।

कार्यकारी निर्देशक

अध्यक्ष

सदस्य



Scanned with CamScanner

७. समन्वय समिति गठनः (१) वैदेशिक रोजगारमा जाने व्यक्तिको परिवारलाई स्वास्थ्य बीमामा आवद्ध गर्ने, परिवारलाई सेवा सहुलियत दिने, बीमाको नवीकरण गर्ने लगायतका विषयमा आवश्यक नीतिगत सुझाव दिने, समस्या समाधान गर्न, बीमामा आवद्ध हुने प्रक्रिया सरलीकरण गर्ने जस्ता विषयमा समन्वय गर्न स्वास्थ्य बीमा बोर्डको कार्यकारी निर्देशकको संयोजकत्वमा श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रतिनिधि रहने गरी, बोर्डले एक समन्वय समिति गठन गर्न सक्नेछ ।

## परिच्छेद ४
## विविध

८. कार्यविधिमा संशोधनः स्वास्थ्य बीमा बोर्डले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ ।

९. बाधा अड्काऊ फुकाउने अधिकारः यो कार्यविधि कार्यान्वयन गर्नमा कुनै बाधा अडचन पर्न आएमा स्वास्थ्य बीमा बोर्डले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

कार्यकारी निर्देशक

सदस्य



Scanned with CamScanner